जि.का. काठमाडौं, द.नं. ३६४/०५०/०५१
समाज कल्याण परिषद आबद्धता नं. ७५१७

DAO, Kathmandu, Regd. No 364/050/051
Social Welfare Council Affiliation No.: 7517
PAN: 301544371

# भूकम्प प्रविधि राष्ट्रिय समाज–नेपाल

(स्थापित २०५१)

# NATIONAL SOCIETY FOR EARTHQUAKE TECHNOLOGY-NEPAL (NSET)

(Estd. 1994)

सैंबु गा.वि.स. वडा नं. ४, भैंसेपाटी आवास क्षेत्र । ललितपुर, पो.ब.नं. १३७७५ । काठमाडौं, नेपाल, फोन नं.: (९७७-१) ५५९१०००, ५५९१०७७ । फ्याक्स नं.: (९७७-१) ५५९२६९२, ५५९२६९३
Sainbu V.D.C. Ward No. 4, Bhainsepati Residential Area | Lalitpur, P.O.Box: 13775 | Kathmandu, Nepal, Tel: (977-1) 5591000, 5591077 | Fax: (977-1) 5592692, 5592693
E-mail: nset@nset.org.np, Website: www.nset.org.np

## गोरखा भूकम्प, २०७२ का बारेमा भूकम्प प्रविधि राष्ट्रिय समाज- नेपालको तर्फबाट प्रेषित

यही मिति २०७२ साल बैशाख १२ गते शनिबार मध्यान्ह ११:५६ बजे गोरखा जिल्लाको बारपाक गा. बि. स. लाई केन्द्रबिन्दु बनाएर गएको ७.६ म्याग्निच्यूडको मूल भूइचालो तथा त्यस पश्चात् केही दिनसम्म गइरहेको बिभिन्न साना ठूला भूइचालोहरुको कारणले काठमाण्डौं उपत्यका लगायत नेपालका बिभिन्न ११ जिल्लाहरु अति धेरै प्रभावित भएका छन् । भूईचालोले ५ हजार भन्दा बढीको निधन भैसकेको १० हजार भन्दा बढी गम्भीर घाइते भएको, ६० हजार भन्दा बढी घरहरु क्षतिग्रस्त भएको, १४ लाख भन्दा बढी जनताहरु प्रत्यक्ष प्रभावित भएका पुष्टि भैसकेको छन् । कैयौ महत्वपूर्ण भवनहरु तथा ऐतिहासिक सांस्कृतिक सम्पदाहरु, धरोहरहरु क्षतिग्रस्त भएका छन्, ध्वस्त भएका छन् । यो भूईचालोले नेपालमा बिपत्तिको अवस्था सिर्जना भएको छ । यस बिपत्तिको घडीमा हामी मृत आत्माहरु प्रति चीर शान्तिको कामना गर्दछौं, घाइतेहरुको शीघ्र स्वास्थ्य लाभको कामना गर्दछौं तथा प्रभावितहरुलाई धैर्य धारण गरी यस संकटको घडीमा यो परिस्थितिमा जुध्ने शक्ति प्राप्त होस् भन्ने कामना गर्दछौं ।

भूकम्प प्रबिधि राष्ट्रिय समाज- नेपाल (NSET) को मुख्य कार्यालय भएको ललितपुरको सैबु, भैसेपाटी स्थित भवन पुर्ण रुपमा सुरक्षित रहेको छ । अपवादको रुपमा केही गैरसंरचनात्मक अंगहरु सामान्य रुपमा प्रभावित भएका छन् । साथै यसका सम्पूर्ण कर्मचारी तथा परिवारजनहरु सकुशल छन् , केही कर्मचारीहरुको आवास भवनहरुमा भूकम्पले क्षति पुगेको छ । तथापि यस समाजको कार्यालय पूर्ण रुपमा सेवा संचालनमा रहेको छ तथा भूकम्प आएको केही मिनेट पश्चात् देखिनै सक्रिय रुपमा भूकम्प जन्य प्रभावलाई न्यून गर्न क्रियाशील रहेको छ ।

भूकम्प पश्चात्को यस अवधिमा यस समाजद्धारा निम्न कार्यहरु सम्पन्न भएका छन्

१. भूकम्पको मूल धक्का पश्चात् फेरी अर्को महाभयंकर भूईचालो आउदैछ, यसले काठमाण्डौं उपत्यका सारा ध्वस्त हुदैछ भन्ने जस्ता अफवाह फैली आमजनतालाई त्रसित तथा आतंकित बनाएको थियो । यस्तो अबस्थामा यस समाजले भूकम्प पश्चात् आउने पराकम्पनहरु बारेमा स्पष्ट पार्ने, सचेत रहनुपर्ने तथा बजार हल्ला चले जस्तो महाप्रलय आउने सम्भावना नभएको जस्ता सूचनाहरु बिभिन्न आमसंचारका माध्यमहरुद्धारा प्रवाहित गरी केही हदसम्म भएपनि जनतालाई आतंकित हुनबाट कम गर्ने प्रयत्न भएको छ । आमसंचारका माध्यमहरुलाई भूकम्पको बारेमा सही सूचना तथ्यहरु, तिनीहरुले भवनहरुमा पार्न सक्ने क्षति तथा अपनाउन पर्ने सावधानीहरुको बिषयमा सूचना तथा जानकारी प्रवाह गर्ने कार्य भएको छ ।

२. भूकम्प पश्चात् तत्कालै यस समाजसँग रहेका तालिम प्राप्त दक्ष उद्दारकर्मीहरु परिचालन गरी बिभिन्न स्थानमा घाइतेहरुको उद्दारमा सघाउने कार्य भएको छ ।

३. भूकम्पबाट भएको क्षति तथा प्रभावहरुको सूचना संकलन गरी सम्बन्धित निकायहरुमा पुऱ्याई उद्दार राहत कार्यलाई सघाउने कार्य भएको छ । नागरिक सुरक्षाको लागि तत्काल गर्नुपर्ने केही निर्णयहरुका लागी केही महत्वपूर्ण सूचना तथा प्राबिधिक जानकारी गराउने कार्य भएको छ ।

४. भूकम्पबाट क्षति पुगेको महत्वपूर्ण तथा अत्यावश्यकीय भवनहरु तत्काल सेवा सञ्चालन गर्न सकिने वा नसकिने सम्बन्धमा निर्णय गर्न अन्यौलको अवस्थाले गर्दा तिनका सेवा नै प्रभावित भएका थिए । यस्तो अवस्थामा नेपाल सरकार शहरी बिकास तथा भवन निर्माण बिभागको नेतृत्वमा तत्काल यस समाज तथा बिभागको दक्ष प्राविधिकहरु परिचालन गरी भवनको क्षति जाँच गरी भवनहरु तत्काल सञ्चालन गर्न सकिने वा नसकिने सम्बन्धमा प्राविधिक सुझाव उपलब्ध गराउने कार्य भएको छ । हाल सम्म १६ वटा अस्पताल भवनहरु, ८ ठाउँमा रहेका मोबाइल टावर, ११ ठाउँमा रहेका इलेक्ट्रिकल सब-स्टेशन तथा ६० भन्दा बढी बिभिन्न सरकारी, निजी र सामुदायिक भवनहरुको क्षति लेखाजोखा गरी तत्काल सञ्चालनमा ल्याउन महत्वपूर्ण सहयोग भएको छ । केही भवनहरु सेवा सञ्चालन गर्न नसकिने गरी क्षतिग्रस्त भएको पाइएको र सम्बन्धित संस्थालाई त्यस्को सूचना दिने कार्य समेत भएको छ ।

५. भूकम्पबाट प्रभावित भएका निजी, आवासीय तथा अन्य भवनहरुको समेत तत्काल प्राविधिक जाँच गरी नागरिकहरुलाई घरको सुरक्षित प्रयोगको सम्बन्धमा जानकारी गराउनु अत्यन्त आवश्यक रहेको सन्दर्भमा यस समाज लगायत विभिन्न पेशागत संघ संस्थाहरु मिली दक्ष प्राविधिकहरु परिचालन गरी यस्तो कार्य संचालन गर्ने सम्बन्धमा तयारी गर्ने कार्य भइरहेको छ ।

६. भूकम्पबाट प्रभावित सैंबु लागायत खोकना बुङ्गमती तथा यस आसपासका क्षेत्रहरु तथा मुलुकका अन्य भागहरुमा समेत राहत कार्य संचालन गर्ने स्थानीय रोटरी क्लव, सैंबु भैंसेपाटी सँग सहकार्य गरी आवश्यक कार्यहरुमा यस समाजले प्राविधिक सहायता उपलब्ध गराउने कार्य गरि रहेको छ ।

७. भूकम्प गएपश्चात् नै विभिन्न अन्तराष्ट्रिय शैक्षिक अनुसन्धानात्मक निजी तथा गैरसरकारी संघसस्थाहरु तथा एनसेट नै सदस्य रहेको ADRRN नामक एशियाली सञ्जालहरुलाई विभिन्न वैज्ञानिक तथा वस्तुगत जानकारी दिने काम भएको छ । यस अन्तर्गत राहत तथा उद्धारका कामको संयोजनको लागि UN OCHA, राहतको कामको संयोजन गर्ने NRRC बारे सुचना प्रदान गरी तत् तत् ठाउँमा सम्पर्कको लागि अनुरोध गरिएको छ साथै भूकम्पपछिको पूर्ननिर्माण तथा पूर्नस्थापनाको दरिलो नीति निर्माणका लागि अति आवश्यक पर्ने सर्वेक्षण, अध्ययन, अनुसन्धान जस्ता प्राविधिक कार्यहरुका लागि सरकारी एवम् अन्तराष्ट्रिय संघसस्थाहरुलाई सहयोग पुर्‍याइएको छ ।

मुलुकका सामू आइलागेको संकटको यस घडीमा यस समाजले केही प्रयत्नहरु मार्फत विपत्तिको सामना गर्न सघाउने कार्य गरिरहेको छ । यस कार्यको लागि अहोरात्र खटिने यसका कर्मचारी तथा स्वयंसेवहरु प्रति उच्च मूल्यांकन गर्दै धन्यवाद ज्ञापन गर्दछ । साथै भूकम्प प्रबिधि राष्ट्रिय समाज - नेपाल देशका विभिन्न भागमा घाइतेहरुको उद्धार र डटेर लागिपरेका सम्पूर्ण उद्धारकर्मीहरु तथा अन्य सहयोगीहरुको कार्यको उच्च प्रशंसा गर्दछ ।

....................................

सूर्य नारायण श्रेष्ठ
उप-कार्यकारी निर्देशक
भूकम्प प्रविधि राष्ट्रिय समाज- नेपाल
२०७२/०१/१७ गते, विहिबार